बन्दीपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर ,तनहुँ
२०७३
गण्डकी प्रदेश ,नेपाल

बन्दिपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बन्दिपुर,तनहुँ गण्डकी प्रदेश,नेपाल २०७३

**आ.व. २०८३/०८४ को बन्दिपुर गाउँपालिकाको आफ्नो क्षेत्रभित्र विज्ञापन शुल्क संकलन कार्य सम्बन्धी प्रस्ताव**

## बोलपत्र फारम

२०८३

राजश्व उपशाखा

**ठेक्का नं:- BRM/IR/13/2083/084**

बोलपत्र फारम खरिदको लागि जम्मा गरेको भौचर विवरण:-

कारोबार संकेत नं:-

मिति:-

प्रेम बहादुर खवास
प्रमुख प्रशासकीय अधिकृत

बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर ,तनहुँ
२०७३
गण्डकी प्रदेश ,नेपाल

## आ.व. २०८३/०८४ को आन्तरिक आयको ठेक्का सम्बन्धी बोलपत्र आव्हानको सूचना !

**प्रथम पटक प्रकाशित मितिः- २०८३/०६/२२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०८३, बन्दिपुर गाउँपालिकाको आर्थिक ऐन, २०८३, बन्दीपुर गाउँपालिका राजस्व परामर्श समितिको मिति २०८३/०४/०७ को निर्णय, बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३।०४।१२ मा बसेको बैठकको निर्णय भए अनुसार र मिति २०८३/०५/११ गतेको सार्वजनिक खरिद अनुगमन कार्यालयको च.नं. १८२ को पत्र बमोजिम विद्युतिय खरिद प्रणाली ( e- GP System) मा सुरक्षा जोखिम उच्च रहेको देखिन आएकाले उक्त प्रणालीको मर्मत सम्भार र सुधार कार्य भईरहेको हुदाँ अर्को सूचना जारी नभए सम्म बोलपत्र, आशयपत्र, र सिलबन्दी दरभाउपत्रको हार्डकपी मार्फत बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको प्रक्रिया मार्फत अगाडि बढाउन सकिनेछ भन्ने व्यहोरा बमोजिम **आ.व. २०८३/०८४ को लागि बन्दिपुर गाउँपालिकाको आफ्नो क्षेत्राधिकार भित्र पर्ने विज्ञापन शुल्क संकलन कार्य** लागि बढी बढाउमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले आ.व. २०८३/०८४ को फर्मको नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्रको प्रतिलिपी, आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी संग्लन गरी उक्त कार्य गर्न योग्य भएको स्व- घोषणा संग्लन गरी बोलपत्रको फारममा रहेका शर्तहरुको अधिनमा रही रितपुर्बक बोलपत्र (हार्डकपी) पेश गर्नको लागि सूचना आव्हान गरिएको सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :-**

| आय ठेक्का नं. | आय ठेक्काको विवरण | न्युनतम ठेक्का अंक रु.मा (कर बाहेक ) | बोलपत्र जमानत रकम(धरौटी रकम) | बोलपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय | बोलपत्र पेश गर्ने अन्तिम मिति,समय | बोलपत्र खोल्ने मिति, समय |
|---|---|---|---|---|---|---|---|
| BRM/IR/13/2083/084 | **आ.व. २०८३/०८४ को बन्दिपुर गाउँपालिकाको आफ्नो क्षेत्राधिकार भित्र विज्ञापन शुल्क संकलन कार्य** | ५,७५,०००.००/- | मु.अ.कर. समेतको कबोल अंकको ५% | ३,०००/- | २०८३/०७/११, दिनको ५:०० सम्म | २०८३/०७/१२, दिनको १२:०० सम्म | २०८३/०७/१२, दिनको १३:०० बजे |

..................................
प्रेम बहादुर खवास
प्रमुख प्रशासकीय अधिकृत

**बोलपत्र सम्बन्धी शर्तहरु:**

१.बोलपत्र दस्तुर: बोलपत्र फारम दस्तुर वापत रु ३,०००।- (पछि फिर्ता नहुने गरी) राजश्व प्रशासन शाखावाट खरिद गर्न सकिनेछ । फर्म/कम्पनीको हकमा चालु आ.व. २०८३/०८४ को गरेको व्यवसाय दर्ता प्रमाणपत्र / इजाजत-पत्रको प्रतिलिपी, नवीकरण गरेको इजाजत-पत्रको प्रतिलिपी, नवीकरण सहितको ईजाजतपत्र, दर्ता प्रमाणपत्र, मुल्य अधिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी र स्थानीय फर्मको हकमा पालिकालाई आ.व. २०८२।०८३ सम्म कुनै प्रकारको तिर्नु बुझाउनु पर्ने बक्यौता रकम बाँकी नरहेको, सार्वजनिक खरिद कार्यमा कारबाहीमा नपरेको र कालो सूचि/ नकारात्मक सूचिमा नरहेको स्वघोषणा संलग्न गरी राजश्व प्रशासन शाखाबाट मिति २०८३ कार्तिक ११ गते कार्यालय समय भित्र बोलपत्र खरिद गरि मिति २०८३ कार्तिक १२ गते दिनको १२:०० बजे भित्र कार्यालयमा उपस्थित भई पेश गर्नु पर्नेछ ।

- बैंकको नाम:- एन.आई.सि., एसिया
- कार्यालयको नाम:- बन्दीपुर गाउँपालिका
- खाता नं.:- ग.१.१ आन्तरिक राजश्व खाता- १४६४१५००२६९१२००२

२. यस कार्यालयमा पेश भएका बोलपत्र फाराम मिति २०८३/०७/१२ गते दिउसो १३:०० बजे यस बन्दीपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, बन्दीपुर, तनहुँमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरु समेतको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद, पेश वा खोल्ने दिन बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछ ।

३. बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कबोल अंकमा मु.अ कर जोडी आउने रकमको ५% (पाँच प्रतिशत) धरौटी रकम यस कार्यालयको एन.आई.सि., एसिया बैंक, डुम्रे शाखा तनहुँ स्थित धरौटी खाता नं. ग- ३ स्थानीय तह धरौटी खाता १४६२०५००२६९१२०१० मा रकम जम्मा गरेको सक्कल बैंक भौचरको Scanned Copy वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानी पत्र (Bid Bond) बोलपत्रको साथ पेश गर्नु पर्नेछ ।

४. कबोल गरेको रकमको अंक अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

५. ठेक्का अवधि आर्थिक वर्ष २०८३/०८४ को असार मसान्त सम्म मात्र हुनेछ । सो अवधि भित्र मात्र आय संकलन गर्न पाइनेछ । सम्झौता अवधि समाप्त भएपछि कुनै प्रकारको शुल्क संकलन गर्न पाईनेछैन ।

६. स्वीकृत ठेक्का रकम सम्झौताको समयमा एकमुष्ठ रुपमा बन्दीपुर गाउँपालिकाको ग ६.१ स्थानीय तह विभाज्य कोष खाता नं. १४६२०५००२६९१२०१४ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर बुझाउनु पर्नेछ ।

७. बोलपत्र फाराम दर्ता गर्नु अगावै बोलपत्र फारामसँग सम्बन्धित आवाश्यक जानकारी गाउँपालिकाको राजस्व प्रशासन शाखावाट लिन सकिनेछ ।

८. यस पुर्व यस कार्यालयबाट कुनैपनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको बोलपत्रदाताबाट पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन, तर बोलपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्ने छैन ।

९.बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ । साथै कबोल अंकमा लाग्ने अग्रिम आयकर र मु.अ.कर बोलपत्रदाताले आन्तरिक राजश्व कार्यालय, तनहुँमा दाखिला गरी सम्झौताको समयमा दाखिला गरेको सक्कल भौचर समेत यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

प्रेम बहादुर खवास
प्रमुख प्रशासकीय अधिकृत

१०. प्रस्ताव बोलपत्र फाराम बाहिर प्रस्तावदाताले आफ्नो नाम, ठेगाना, सम्पर्क नं. तथा बिषय स्पष्ट संग उल्लेख गर्नु पर्नेछ ।

११. बन्दिपुर गाउँपालिकाले तोकेको दर भन्दा बढी सेवा शुल्क रकम उठाएमा वा बन्दिपुर गाउँपालिकाको अहित हुने काम कारवाही गरेमा गाउँपालिकाले ठेक्का सम्झौता तोडन सक्नेछ र त्यसको उत्तरदायित्व ठेकेदारले नै ब्यहोर्नु पर्नेछ ।

१२.कुनै शर्त राखी पेश गरेको हुलाक मार्फत पठाएको र रित नपुगेको माथि कुनै कारवाही गरिने छैन ।

१३.यसबाहेक अन्य कुनै कुरा अस्पष्ट भएमा तथा पेश भएका बोलपत्रको निर्णय लिने, स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. यस पालिकाक्षेत्र स्थायी ठेगाना भएका फर्मवाला बोलपत्रदाताहरुले गाउँपालिकामा व्यवसाय कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । बोलपत्र खरिद गर्न चाहने फर्मको हकमा सम्बन्धित निकायमा दर्ता भई नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ ।

१५. बोलपत्र फाराम स्वीकृति पश्चात बोलपत्रदातालाई बाटोको म्याद बाहेक ७ दिनको समय दिई आफुले कवोल गरे बमोजिम सम्झौता गर्नको लागि पत्राचार गरिनेछ । यसरी पत्राचार गर्दा पत्र बुझेको वा सूचना प्रकाशित भएको वा कार्यालयको आधिकारिक ईमेल पठाएको मितिलाई समेत गणना गरिनेछ । सूचनाको म्याद भित्र सम्झौताको लागि उपस्थित नभएमा वा आफ्नो कबोल बमोजिमको कबुलियत गर्न मञ्जुर नगरेमा उक्त बोलपत्रदाताको धरौटी/जमानत रकम जफत गरी निजलाई कालोसूचीमा राखिने साथै निज पछिको क्रममा रहेका सिलबन्दी हरुलाई कार्यालयको निर्णयानुसार छनौट गरिनेछ ।

१६. ठेक्का स्वीकृत भई कार्यादेश दिई सकेपछि प्राकृतिक प्रकोप, बन्द, हडताल, चक्काजाम वा अन्य कुनै कारण देखाई मिनाहा वा छुट माग दावी गर्न पाइने छैन । कुनै विवाद उत्पन्न भएमा बोलपत्र दाता स्वंयमले व्यवस्थापन गर्नु पर्नेछ ।

१७. बन्दीपुर गाउँपालिका क्षेत्राधिकार भित्र विज्ञापन कर संकलन गर्दा करको दररेट गाउँपालिकाले जारी गर्ने आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ । तोकिएको दररेट भन्दा बाहिर गई शुल्क संकलन गर्न पाईने छैन । यस शर्त भन्दा विपरित हुने गरी वाहिर गई शुल्क संकलन गरेको उजुरी परी छानबिन गर्दा प्रमाणित हुन आएमा नियमानुसार कारवाही हुनेछ ।

१८. रित नपुगेको/म्याद नाघी आएको र शर्त सहित पेश भएको सिलबन्दी उपर कुनै कारबाही गरिनेछैन ।कारण जनाई वा निजलाई बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालय समक्ष रहनेछ ।

१९.विज्ञापन कर शुल्कको दररेट गाउँपालिकाको आर्थिक ऐन, २०८३ को अनुसूचि ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

२१. यस सम्बन्धमा अन्य थप केहि कुरा बुझ्नु परेमा कार्यालयको वेवसाईट www.bandipurmun.gov.np वा कार्यालय समय भित्र राजश्व प्रशासन शाखावाट विस्तृत जानकारी लिन सकिनेछ ।

२२. यसमा भएका शर्तहरु यसै हुने र यसमा उल्लेख नभएका शर्तहरु प्रचलित कानून अनुसार हुनेछ । तथा सम्झौता कार्यान्वयनको चरणमा कुनै दुविधा भएमा यस कार्यालयको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

प्रेम बहादुर खवास
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ७

(दफा ९ सँग सम्वन्धित)

विज्ञापन कर/शुल्क

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर,तनहुँ
गण्डकी प्रदेश,नेपाल

प्रदेश सरकारले तोकेको आधारमा विज्ञापन कर लाग्नेछ । प्रदेश सरकारले नतोकेको अवस्थामा देहाय अनुसारको बार्षिक विज्ञापन कर लाग्ने छ ।

| क्र.सं. | होर्डिगं वोर्ड सहितका विज्ञापन सामाग्रीको बार्षिक दस्तु (रु. प्रति स्क्वायर फिटमा) | स्वीकृत कर दर रु. |
|---|---|---|
| १ | २० स्क्वायर फिट भन्दा माथि ५० स्क्वायर फिट सम्म प्रतिस्क्वायर फिट | २० |
| २ | ५१ भन्दा माथि १०० स्क्वायर फिट सम्म प्रतिस्क्वायर फिट | २५ |
| ३ | सो भन्दा माथि प्रति स्क्वायर फिट | ३५ |
| ४ | भित्तेलेखन प्रति स्क्वायर फिट | २५ |
| ५ | फेलेक्स वोर्ड व्यापार व्यवसाय १२ स्क्वायर फिट सम्म पसल बाहिरका | १२०० |
| ६ | फेल्लेक्स वोर्ड व्यापार व्यवसाय १२ स्क्वायर फिट माथि पसल बाहिरका | २२०० |
| ७ | निजी सम्पत्ति भवन,टहरा, जग्गामा समेत विज्ञापन गरे वापत कर गा.पा.ले लिन पाउनेछ । | |
| ८ | आफ्नो व्यवसायको वाल वा भित्तामा व्यवसाय परिचयका लागि राखिएको व्यवसायीलाई ४ x ५(२०स्क्वायर फिट) एक थान सम्मको वोर्डको रकम नलिने | |
| ९ | उल्लेखित शिर्षकहरु मध्ये गाउ"कार्यपालिकाको निर्णयवाट कर लिने वा नलिने सम्वन्धी छुट्टै व्यवस्था गर्न सक्नेछ । | |

प्रेम बहादुर खवास
प्रमुख प्रशासकीय अधिकृत

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,
बन्दीपुर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
बन्दीपुर, तनहुँ ।

मितिः.................

बन्दिपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बन्दिपुर, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

**विषय: बोलपत्र पेश गरेको सम्बन्धमा ।**

बन्दीपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको मिति २०८३/०६/२२ गते प्रथम पटक प्रकाशित ठेक्का नं BRM/IR/13/2083/084, **बन्दिपुर गाउँपालिकाको आफ्नो क्षेत्राधिकार भित्र विज्ञापन शुल्क संकलन कार्य सम्बन्धी** कार्यको ठेक्कामा उल्लेख बमोजिम कार्यालयकोले राखेको शर्त एबम प्रचलित कानुनको अधिनमा रही तपसिल कागजात यसै निबेदनसाथ संग्लन गरी ठेक्का लिने मेरो मन्जुरी भएकाले **आ.व.२०८३/०८४ को बन्दिपुर गाउँपालिकाको आफ्नो क्षेत्राधिकार भित्र विज्ञापन शुल्क संकलन कार्य सम्बन्धी** बोलपत्र आव्हान गरिएको सूचना अनुसार आफूले कबोल गरेको रकम यो बोलपत्र फारममा पेश गरेको छु ।

**तपसिल :-**

१ धरौटीको लागि ५% (मु.अ.कर.समेतको कबोल अंकको) हुने रकम ने.रु............................ को बैंक जमानत ( जमानत जारी गर्ने बैंकको नाम: -.......................||. ,जारी मिति............/...../......., जमानत नं. ......................., जमानतको अबधि : -...........................सम्म

**वा**

बन्दीपुर गाउँपालिका, गाउँपालिकाको कार्यालयको NIC Asia Bank Ltd, डुम्रे शाखामा रहेको धरौटी खातामा मिति ............/...../....... र कारोबार संकेत (Transaction No:-.....................

२. आ.व. २०८३/०८४ को फर्मको नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी,

३. मुल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्रको प्रतिलिपी,

४. आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी,

बोलपत्रदाताको नाम:-
प्रो. नाम:-
ठेगाना:-
सहि:-
छाप:-
सम्पर्क नं:-

प्रमुख प्रशासकीय अधिकृत
प्रेम बहादुर खवास
प्रमुख प्रशासकीय अधिकृत

बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर ,तनहुँ

## कबोल अंक भर्ने फारम

ठेक्का नं:- BRM/IR/13/2083/084

विवरण/आय ठेक्काको नाम:- आ.व. २०८३/०८४ को बन्दिपुर गाउँपालिकाको आफ्नो क्षेत्राधिकार भित्र विज्ञापन शुल्क संकलन कार्य सम्बन्धी

| आय ठेक्का नं. | विवरण | न्युनतम अंक रु. (भ्याट र टिडिएस वाहेक) | बोलपत्र दाताको कबोल अंक (भ्याट र टिडिएस वाहेक) |
|---|---|---|---|
| BRM/IR/13/2083/084 | आ.व. २०८३/०८४ को बन्दिपुर गाउँपालिकाको आफ्नो क्षेत्राधिकार भित्र विज्ञापन शुल्क संकलन कार्य सम्बन्धी | ५,७५,०००.००/- | |
| अक्षरेपी: | | | |

(कवोल गरेको रकम अंक र अक्षर दुवैमा लेख्नु होला, साथै कवोल अंकमा १.५% अग्रीम आयकर र १३% भ्याट जोडी हुन आउने जम्मा रकम सम्झौता रकम हुनेछ ।

बोलपत्रदाताको नाम :-

प्रो. नाम :-

ठेगाना:-

सहि:-

छाप:-

सम्पर्क नं:-

प्रेम बहादुर खवास
प्रमुख प्रशासकीय अधिकृत

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,
बन्दीपुर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
बन्दीपुर, तनहुँ ।

मितिः..................

**विषय: बोलपत्र पेश गरेको सम्बन्धमा ।**

बन्दीपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको मिति २०८३/०६/२२ गते प्रथम पटक प्रकाशित ठेक्का नं BRM/IR/13/2083/084, **बन्दिपुर गाउँपालिकाको आफ्नो क्षेत्राधिकार भित्र विज्ञापन शुल्क संकलन कार्य सम्बन्धी** कार्यको ठेक्कामा उल्लेख बमोजिम कार्यालयकोले राखेको शर्त एबम प्रचलित कानुनको अधिनमा रही तपसिल कागजात यसै निबेदनसाथ संग्लन गरी ठेक्का लिने मेरो मन्जुरी भएकाले **आ.व.२०८३/०८४ को बन्दिपुर गाउँपालिकाको आफ्नो क्षेत्राधिकार भित्र विज्ञापन शुल्क संकलन कार्य सम्बन्धी** बोलपत्र आव्हान गरिएको सूचना अनुसार आफूले कबोल गरेको रकम यो बोलपत्र फारममा पेश गरेको छु ।

**तपसिल :-**

१ धरौटीको लागि ५% (मु.अ.कर.समेतको कबोल अंकको) हुने रकम ने.रु............................... को बैंक जमानत ( जमानत जारी गर्ने बैंकको नाम: -.......................॥. ,जारी मिति............/....../......., जमानत नं. ........................, जमानतको अबधि : -.............................सम्म

**वा**

बन्दीपुर गाउँपालिका, गाउँपालिकाको कार्यालयको NIC Asia Bank Ltd, डुम्रे शाखामा रहेको धरौटी खातामा मिति ............/....../....... र कारोबार संकेत (Transaction No:-.......................

२. आ.व. २०८३/०८४ को फर्मको नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी,
३. मुल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्रको प्रतिलिपी,
४. आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी,

बोलपत्रदाताको नाम:-
प्रो. नाम:-
ठेगाना:-
सहि:-
छाप:-
सम्पर्क नं:-

प्रेम बहादुर खवास
प्रमुख प्रशासकीय अधिकृत